*Nepal Academy of Fine Art's Journal*
**LALITKALA PRAGYA**
**Vol. 02, No. 02, Janaury, 2026, 62-78**

**ISSN : 3059-9636 (Print)**

# जीवनोपयोगी परम्परागत कलाप्रविधिहरू

**शेखर अर्याल** [१]
*shekhararyal777@gmail.com*

| | | |
|---|---|---|
| लेख प्राप्त मिति : 16 Aug 2025 | संरचनागत परीक्षण गर्ने विज्ञ : प्रा.डा. नारायण चालिसे | संशोधित लेख प्राप्त मिति : 4 Oct 2025 |
| गुणवत्ता परीक्षण गर्ने विज्ञ : श्री एस.सी. सुमन | संशोधित लेख प्राप्त मिति : 8 Oct 2025 | लेख स्वीकृत मिति : 9 Dec 2025 |

**लेखसार**

*कलासँगसँगै परम्परागत जीवनशैली र व्यवहार समाजमा गाँसिएको हुन्छ । मानव दैनिक जनजीवनमा प्रयोग हुने थुप्रै परम्परागत प्रविधिहरू छन् । कुनै कुराको निर्माणमा वैज्ञानिक ढङ्गले गरिने काम, पद्धति, सिप, ढङ्ग वा कौशल नै प्रविधि हो र त्यो परम्परादेखि नै जनसमाज चलेको छ भने त्यसलाई परम्परागत प्रविधि भनिन्छ । यस्ता परम्परागत प्रविधिहरू उपयोगितामूलक, कलात्मक हिसाबले विशिष्ट छन् । यिनले मानवीय सिप र सिर्जनात्मक क्षमतालाई प्रतिविम्बित गर्छन् । परम्परागत रूपमा चल्दै आएका यी सामग्रीले हस्तकला र प्रविधि गरी दुवै पक्षलाई समेट्छन् । यस्ता प्रविधियुक्त सामग्रीहरू मानवको आफ्नै मौलिक ज्ञान, सिप र अनुभवका उपज हुनाले तिनले समाजमा आत्मनिर्भरता बढाएर सांस्कृतिक पहिचानलाई बलियो बनाएका छन् । प्राचीन समयदेखि प्रयोग हुँदै आएका यी प्रविधिहरू आधुनिक समयमा सङ्कटमा परेका छन् । यस्ता परम्परागत प्रविधिको ज्ञान नयाँ पुस्तामा हस्तान्तरण गर्दै यिनलाई आधुनिकीकरण गरी संरक्षण गर्नु आवश्यक छ । जीवननिर्वाहमा सरलता ल्याउने यस्ता प्रविधिमा ढिकी, जाँतो, घट्ट, मही मथ्ने ठेकी र मदानी, चोयाचित्रो, हलोजुवा, डोको, नाम्लो, कुचो, कोल, फलामका सामान, माटाका भाँडा, टपरी, हँसिया, खुर्पेटो, गुन्द्री, काठका भाँडा, दमाहा उल्लेखनीय छन् । यी प्रविधिले व्यक्ति, घरपरिवार, समाज र राष्ट्रलाई सहयोग पुऱ्याएका छन् । परम्परागत प्रविधिले जीविकोपार्जनमा कसरी सहयोग पुऱ्याउँथे, यी प्रविधि हाल कस्तो अवस्थामा छन्, भन्ने समस्याको समाधान गर्ने काम यस लेखमा भएको छ । त्यसका लागि परम्परागत सिप, प्रविधि र कलाको विषयमा लेखिएका वा प्रकाशित भएका लेख, शोधपत्र, नीतिपत्रलाई उपयोग गरिएको छ । पुस्तकालय र स्थानीय स्तरमा पुगेर सामग्रीलाई लिनुका साथै कलाकार, कारिगढ वा समुदायसँग आवश्यकताअनुसार अन्तर्वार्ता, फोटो, भिडियोबाट समेत सामग्रीको सङ्कलन गरी जीवनोपयोगी परम्परागत कलाप्रविधिलाई चिनाउँदै यस्ता कलाप्रविधिले सामाजिक, आर्थिक तथा सांस्कृतिक चेतनाको निरन्तरतामा महत्त्वपूर्ण योगदान दिएको निष्कर्ष निकालिएको छ । नेपाली समाजले युगौँदेखि उपयोग गरिरहेको परम्परागत कलालाई परिचित गराउने अनि तिनको ऐतिहासिक, सांस्कृतिक, र सामाजिक महत्त्व उजागर गर्ने काम यस लेखमा गरिएको छ ।*

**शब्दकुञ्जी**

कलात्मक प्रविधि, हस्तकला, परम्परागत प्रविधि ।

१ सहायक प्राध्यापक - महेन्द्र आदर्श विद्याश्रम

## परिचय

नेपाल एक बहुजातीय, बहुभाषी, बहुसांस्कृतिक र भौगोलिक विविधता भएको मुलुक हो । यहाँको परम्परा आफ्नै किसिमको छ । संस्कृतिमा नेपाली कलाको योगदान अत्यन्त महत्त्वपूर्ण रहँदै आएको छ । नेपाली समाजमा कला सौन्दर्यबोधको साधन मात्र होइन, जीवनशैली, परम्परा र व्यवहारसँग पनि यसको गहिरो सम्बन्ध गाँसिएको छ । नेपाली जनजीवनमा प्रयोग हुने थुप्रै परम्परागत प्रविधिहरू रहेका छन् । यसमा विशेषतः कुटानी-पिसानी, बुनाइ, निर्माण, खेतीपाती र दैनिक जीवनका साधनहरू केवल उपयोगितामूलक मात्र नभई कलात्मक र प्राविधिक रूपमा समेत विशिष्ट खालका छन् । यीमध्ये जाँतो, ढिकी, ओखल, ढुङ्गेधारा जस्ता प्रस्तरनिर्मित साधनहरू, काठ-फलामका औजारहरू, बाँस-निगालोका सामग्रीहरू, माटो र धातुबाट बनेका भाँडाकुँडा आदिले नेपाली जनताको जीवनशैली, सिप र सिर्जनात्मक क्षमतालाई प्रतिविम्बित गर्छन् । यस्ता सामग्रीहरू परम्परागत सिप र ज्ञानमा आधारित हुँदै हातले निर्माण गरिन्छन् । त्यसैले यस्ता जीवनोपयोगी सामग्रीले हस्तकलात्मक र प्राविधिक दुवै पक्षलाई समेट्छन् ।

नेपाली परम्परा आफ्नै किसिमको छ । यहाँ बस्ने समुदायहरूले आफ्नो जीवनशैली चलाउन परम्परा र सिपको आधारमा समयानुसार विभिन्न खालका कलात्मक प्रविधिहरूको उत्पादन र विकास गरेका छन् । यस्ता प्रविधिहरू सौन्दर्यका लागि मात्र नभएर उपयोगितासँग जोडिएका छन् । कलालाई सामान्यतया मूर्तिकला र चित्रकलामा हेरिए पनि यसले जीवनका हरेक पक्षसँग सम्बन्ध राखेको हुन्छ । आवास, निर्माण, पोसाक, औजार भाँडा र सांस्कृतिक अभिव्यक्तिसँग पनि कला जोडिएको छ । काठबाट झ्यालढोका बनाउने सिप, फलामबाट कोदाली, फाली, हँसिया, खुकुरी बनाउने सिप, माटाका भाँडा बनाउने सिप, भित्तेचित्र बनाउने परम्पराले हाम्रो कला र संस्कृतिलाई संरक्षण र संवर्द्धन गर्दै आएका छन् । परम्परागत रूपमा विकसित हुँदै आएका लोककलात्मक हस्तकलाका प्रविधिहरू आधुनिक प्रविधिको प्रभावले सङ्कटमा परेका छन् । परम्परागत प्रविधिहरूको ज्ञान नयाँ पुस्तामा हस्तान्तरण हुने स्थिति घट्दै गएको छ । यस कारण मौलिक कला र सिप हराउने स्थितिमा पुगेको छ । त्यसैले उपयोगी यस्ता परम्परागत प्रविधिहरूको अध्ययन गर्नु, तिनको ऐतिहासिक, सांस्कृतिक, र सामाजिक महत्त्व उजागर गर्नुका साथै तिनको संरक्षणमा चासो देखाउनु जरुरी छ । यस लेखमा पनि परम्परागत हस्तकलाका प्रविधिहरूलाई कला र प्राविधिक दृष्टिकोणबाट विश्लेषण गर्नुका साथै तिनले समाजमा पारेको प्रभावसमेत अध्ययन गरिएको छ ।

## समस्याकथन

कला र संस्कृतिमा नेपालको आफ्नै परम्परा र इतिहास रहेको छ । आफ्नै प्रविधि उपयोग गरी विभिन्न जातीय समुदायले स्थानीय स्रोतसाधन र वातावरणको उपयोग गरी परम्परागत प्रविधिको विकास र विस्तार गरेका थिए । यसरी आफ्नै खालका प्रविधिको निर्माण गरी सौन्दर्यका रूपमा मात्र नभई धार्मिक, सामाजिक र सांस्कृतिक पक्षबाट आफ्नो जीवनशैली चलाउन सकेकाले मानिसको प्रविधिसँग गहिरो सम्बन्ध रहेको छ । परम्परागत समाजमा प्रयोग हुने जाँतो, ढिकी, ओखल, ढुङ्गेधारा, काठ तथा बाँसका सामग्रीहरू केवल उपयोगिताका लागि बनाइएका उपकरण मात्र होइनन्, ती आफ्नै किसिमको शिल्पकला, सौन्दर्यबोध र प्रविधिमूलक ज्ञानको संयोजन पनि हुन् । यस्ता सामग्रीहरू हातले निर्माण गरिने हुँदा तिनमा मौलिकता र सांस्कृतिक पहिचान छ । आजको आधुनिक प्रविधिको युगमा यस्ता परम्परागत प्रविधिहरू क्रमशः हराउँदै गएका छन् । न त तिनको उचित संरक्षण भएको छ, न त युवा पुस्ताले त्यसप्रति चासो देखाएका छन् । समाजमा प्रचलित परम्परादेखि प्रयोग हुँदै आएका यस्ता कलाप्रविधिका विषयमा सामान्य जानकारी पत्रपत्रिकामा गरिए पनि आधिकारिक रूपमा स्थानीय स्तरबाटै पहिचान भएको अवस्था छैन । प्रविधिका प्राचीन

विषयको व्यवस्थित अध्ययन गर्ने काम पूर्वकार्यहरूबाट हुन नसकेकाले जीवनोपयोगी परम्परागत प्रविधिहरू के कस्तो अवस्थामा रहेका छन्, तिनको संरक्षणात्मक अवस्था के कस्तो छ, समाजमा यस्ता प्रविधिको आकर्षण घट्नुको कारण के हो भन्ने जिज्ञासाको समाधान हुन सकेको छैन। यी समस्याको समाधानका साथै परम्परागत कलाका रूपमा रहेका यस्ता उपयोगी प्रविधिहरूको महत्त्व पहिचानसँग यो अध्ययन सम्बन्धित रहेको छ।

## अध्ययन विधि

परम्परागत हस्तकलाका जीवनोपयोगी प्रविधिहरूको अध्ययन गरिएको यस शोधलेखका लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन पुस्तकालय तथा क्षेत्रकार्यबाट गरिएको छ। यस सन्दर्भमा परम्परागत सिप, प्रविधि र कलाको विषयमा लेखिएका वा प्रकाशित भएका लेख, शोधपत्र, नीतिपत्रको अध्ययन यस शोधमा गरिएको छ। युनेस्को, संस्कृति मन्त्रालय, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानलगायतका संस्थाबाट प्रकाशित सामग्रीलाई पनि उपयोग गरिएको छ। समाजमा परम्परागत प्रविधि उपयोग गरेका व्यक्ति र समुदायसँग आवश्यकताअनुसार अन्तर्वार्ता लिइएको छ। प्रयोगमा रहेका प्रविधिहरूको फोटो, भिडियोबाट पनि अभिलेख राखिएको छ। परम्परागत प्रविधिमा आबद्ध समुदाय, व्यक्ति वा स्थानलाई आधार बनाइएको छ। प्रायः लुम्बिनी प्रदेशको ग्रामीण समुदायमा प्रयोग हुने काठ, बाँस, माटो, फलाम प्रविधिहरूलाई अध्ययनको विषयका रूपमा लिइएको छ। यसका साथै प्रत्यक्ष अवलोकन, स्थानीय व्यक्तिसँग अन्तर्वार्ता, फोटो तथा भिडियोबाट पनि सामग्रीको सङ्कलन गरिएको छ। प्राथमिक स्रोतमा साक्षात्कार अवलोकन र द्वितीयक स्रोतमा पुस्तक, लेख, अभिलेख, रिपोर्ट आदिको उपयोग गरिएको छ। यस शोधलेखमा परम्परागत ज्ञान, सांस्कृतिक मूल्य, कलात्मक अभिव्यक्ति र प्रविधिको मौलिकतालाई हेरिएको छ। यसका लागि व्याख्यात्मक अध्ययन बढी प्रभावकारी भएकाले यस शोधमा गुणात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधिबाट सामग्रीको अध्ययन गरिएको छ।

## सैद्धान्तिक पर्याधार

मानव विकासको सभ्यतासँगै जीविकोपार्जनका लागि मानव हरतरहले अगाडि बढेको तथ्य ऐतिहासिक घटनाक्रमले देखाउँछ। यस्तै स्वरूपमा नेपाली समुदायमा यसको प्रभाव रहेको छ। मानव जातिले आधुनिक विज्ञानको विकासभन्दा अगाडि आफ्नो जीवननिर्वाहका लागि आवश्यक प्रविधिहरू निर्माण गरेको देखिन्छ। यी प्रविधिहरूद्वारा व्यक्ति, घरपरिवार, समाज र राष्ट्र लाभान्वित भएका छन्। परम्परागत हस्तकला प्रविधिको उपयोगबाट जीविकोपार्जनका लागि कस्ता प्रविधिहरू प्रयोग हुन्थे र हुन्छन् भन्ने कुराको हेक्का राख्नु आवश्यक छ। "हस्तकलामा समेटिएका नेपाली परम्परागत प्रविधिहरू केवल कलात्मक सृजना मात्र होइनन्, तिनले सामाजिक, आर्थिक तथा सांस्कृतिक चेतनाको निरन्तरता पनि दिएका छन् (जोशी, २०६९: पृ. ४२)।" त्यसैले मानव समाजमा युगौँदेखि रहेका परम्परागत कलाप्रविधिहरू मानवीय ज्ञानका सूचकहरू हुन्।

परम्परागत प्रविधिहरू आफ्नै मौलिक ज्ञान, सिप र अनुभवको परिणामका रूपमा रहेका छन्। यस्ता खालका प्रविधिहरूले समाजमा आत्मनिर्भरता बढाउनुका साथै सांस्कृतिक पहिचानलाई बलियो बनाएका छन्। "परम्परागत कला-संस्कृतिमा लोककला मात्रै होइन, स्थानीय प्रविधि र जीवनशैलीका सिपहरू पनि गहिरो ठाउँ ओगटेका छन्। यी दैनिक उपयोगका सामग्रीमा मात्र सीमित नभई सांस्कृतिक पहिचानका संवाहकसमेत हुन् (गौतम, २०७० : पृ. १८)।" यस्ता दैनिक उपभोग्य प्रविधिले जीवननिर्वाहलाई सहज बनाउन सहयोग पुर्‍याएका हुन्छन्। "समुदायस्तरमा उपलब्ध मौखिक ज्ञान र प्रविधिहरू अभिलेखीकरण तथा प्रदर्शनीमार्फत विस्तार गरेमा पहिचान र पर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुग्न

सक्छ (श्रेष्ठ, २०७५: पृ. २३)।" यस्ता प्रविधिलाई आधुनिकीकरण गर्न सके श्रम, सिप र प्रविधिको जगेर्नाका साथै हाम्रा परम्परागत सम्पत्तिको सुरक्षा गर्न सकिन्छ। ती प्राचीन कलाप्रविधि नवपुस्तामा हस्तान्तरण हुनु आवश्यक छ। "नवपुस्तामा परम्परागत सांस्कृतिक अभ्यासहरू हस्तान्तरण हुनुपर्ने खाँचो आजको सबैभन्दा ठुलो चुनौती हो (श्रेष्ठ, २०७५: पृ. ३२)।" यही कारण परम्परागत सिपमा आधारित यस्ता प्रविधिको संरक्षण गर्नु चुनौतिपूर्ण छ। हस्तकलाका विविध सामग्रीले परम्परादेखि जीवननिर्वाहमा सहयोग पुऱ्याउँदै आएका छन्। "हस्तकला विशेषतः दैनिक उपभोगका रूपमा मानिसले पाषाण युगदेखि नै उपयोग गर्दै आइरहेको छ। मानिसको दैनिक कार्यलाई सहज रूपमा सम्पन्न गर्नका लागि मानिसले बनाएका सामान हस्तकला सामग्री हुन्। यी सामग्री नितान्त उपयोगसँग अन्तरसम्बन्धित हुन्छन्। यसरी कलाको उपयोगलाई मानिसले दैनिक जीवन, आवश्यकता, मनोरञ्जन, आवेग, संवेग, संस्कार तथा संस्कृतिका रूपमा गर्दै आयो (थुम्केली, २०७८ पृ. ४०)।" यस्ता परम्परागत उपयोगी प्रविधिहरू क्रमशः लोपोन्मुख हुँदै जाने अवस्थामा छन्। त्यसैले यस्ता प्रविधिलाई विकसित गरी सुरक्षित राख्न सक्नुपर्छ।

कलामा हस्तकलाको भूमिका महत्त्वपूर्ण रहन्छ। "कुनै पनि मानिसको मनमा उठेको भावना, विचार, अथवा तरङ्गहरूलाई ढुङ्गा, माटो, काठ, धातु, कागज, कपडा वा अन्य ठोस वस्तुमार्फत हातको प्रयोग गरी सिर्जना गरिन्छ, त्यसले आफ्नो साथै अरूको पनि भावनालाई जित्न सफल भइन्छ भने त्यसलाई हस्तकला भनिन्छ" (शाक्य, २०७८, पृ.१७)। यसबाट पनि के पुष्टि हुन्छ भने हातबाट निर्मित सौन्दर्यात्मक अभिव्यक्ति नै हस्तकला हो। त्यसैले कलामा हस्तकलाको भूमिका निकै महत्त्वपूर्ण छ।

परम्परागत प्रविधिहरू दैनिक जीवनलाई सहज बनाउन प्रयोग गरिने साधन मात्र होइनन्, यी हाम्रो संस्कृतिको निरन्तरता, सामाजिक संरचना र जीवनशैलीसँग प्रत्यक्ष रूपमा गाँसिएका छन्। ढिकी-जाँतो, ढुङ्गेधारा, पैनी, कुवा, इनार, परम्परागत घर-निर्माण, खेतीपातीका प्राविधिक तरिकाहरू हाम्रा सम्पदा हुन्। परम्परागत प्रविधिहरूले हाम्रो समाजलाई केवल भौतिक सुविधा मात्र दिँदैनन्, तिनीहरूले सामाजिक सम्बन्ध, सहकार्य र संस्कृतिलाई पनि समेट्छन्। संस्कृति निरन्तरताको सिद्धान्तअनुसार परम्परागत ज्ञान र सिप पुस्तादरपुस्ता हस्तान्तरण हुँदै आएको हुन्छ। यसरी, परम्परागत प्रविधिले समुदायको ऐतिहासिक चेतना र सांस्कृतिक पहिचानलाई जोगाउँछ। यसरी परम्परागत प्रविधि सामूहिकतावादको सांस्कृतिक मूल्यलाई प्रतिविम्बित गर्छ। प्राविधिक हिसाबले हेर्दा परम्परागत प्रविधिहरू स्थानीय आवश्यकताअनुसार उपयुक्त, किफायती र पर्यावरणमैत्री हुने गरेका छन्। प्रविधि सिद्धान्तअनुसार त्यस्तो प्रविधि समाजको स्तरअनुसार सरल, सुलभ र आवश्यकतामुखी हुनुपर्छ। ढिकी-जाँतो, ढुङ्गेधारा वा पैनी जस्ता प्रविधिहरूले मानव विकासलाई सघाउँछन्।

## जीवनोपयोगी परम्परागत कलाप्रविधिको विश्लेषण

कुनै काम गर्दा अँगालिने जे जस्ता विधि वा प्रक्रिया छन् तिनलाई प्रविधिका रूपमा लिइन्छ। नेपाली समाजमा रहेका जीवनोपयोगी परम्परागत कलाप्रविधिहरू लोक परम्परादेखि चल्दै आएका हस्तकलाका सामग्री हुन्। कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले गरिने काम, पद्धति, सिप, ढङ्ग वा कौशल नै प्रविधि हो। जीवननिर्वाहका निम्ति परम्परागत रूपमा यस्ता प्रविधिको उपयोग हुँदै आएको छ। खास खास कार्यका लागि जीवन निर्वाहमा सरलता ल्याउने यस्ता उपयुक्त केही प्रविधिमा ढिकी, जाँतो, घट्ट, दहीमथ्ने ठेकी र मदानी, चोयाचित्रो, हलोजुवा, दाईँ, टौवा, कुनिउँ, साँघु, डोको, नाम्लो, कुचो, कोल, फलामका सामान, माटाका भाँडा, टपरी, छुरा, गल, बैसाखी, आरो, हँसिया, खुकुरी, भकारी, हँसिया खुर्पेटो, कुची, गुन्द्री, धन्सार, काठका भाँडा, उलेनी झुलो, दमाहा, आदि रहेका छन्। यी परम्परागत रूपमा उपयोग भएका जीवनोपयोगी कलाप्रविधिमा ढुङ्गा, काठ, बाँस, घाँसपात, माटो, धातुबाट निर्मित कलात्मक प्रविधिलाई यहाँ विश्लेषण गरिएको छ।



चित्र १ : ढिकी, फोटोग्राफर : अर्जुन शर्मा, मदाने, गुल्मी

## ढुङ्गाबाट निर्मित जीवनोपयोगी कलात्मक प्रविधि

परम्परागत रूपमा धान कुट्न वा चिउरा कुट्न, पिठो कुट्न, गहुँ र कोदो फल्नका लागि उपयोग गरिने कलाप्रविधि ढिकी हो। यसमा एउटा मुसल हुन्छ। मुसलमा फलामका दाँत बनाएर काठमा राखिन्छ। त्यो मुसल एउटा ठुलो काठको मुढाको टुप्पोतिर राखिन्छ। फेदमा मानिसले खुट्टाले तल झार्दा त्यो मुढाको टुप्पो माथि जाने र छोड्दा तल झर्ने हुन्छ। धान वा अन्न राख्नको लागि एउटा ओखल हुन्छ। त्यही ओखलमा धान राखेर कुटिन्छ। यसरी नेपाली समाजमा परम्परागत रूपमा आफ्नो जीवन निर्वाहका लागि ढिकीको प्रयोग गरिएको छ। यस प्रविधिबाट कुटेको चामल बढी हितकर हुन्छ। अहिलेको आधुनिक मिल आएपछि ढिकी गाउँघरतिर दुर्लभ जस्तै भएका छन्। पहिला त ढिकी जाँतो राख्नका लागि छुट्टै सानो उरिम बनाउने चलनसमेत रहेको थियो। ढिकीको निर्माण गर्नका लागि मानव स्रोत र साधनको परिचालन गरी निर्माण गरिन्थ्यो। आरनबाट मुसल निर्माण हुन्थ्यो भने सिकर्मीबाट त्यो ढिकीको काठ बनाइन्थ्यो। त्यसमा राखिने अरू खावा र गरालो (आग्लो) निर्माण गरेर ढिकीको निर्माण हुन्थ्यो। यसरी ढिकी हाम्रो परम्परागत रूपमा जीवननिर्वाह गर्नका लागि निर्माण गरिएको एउटा उपयोगी प्रविधि हो भन्न सकिन्छ जसले मानिसका आवश्यकतालाई सरल, सहज र सुलभ तरिकाले परिपूर्ति गर्ने काम गरेको थियो।

अनाज कुट्न, फल्न वा चिउरा बनाउनका लागि तयार गरिएका ढिकीमा कलात्मक बुट्टा पनि बनाइन्थ्यो। ती बुट्टामार्फत मानिसमा रहेको सुषुप्त कलाचेतलाई जगाउन र सौन्दर्यको परख गर्न सघाउ पुग्थ्यो। कलासौन्दर्यको प्रस्तुतिका निम्ति ढिकीको आकारमा, काठमा कुँदिएका बुट्टामा, काठ र फलामबाट बनेको मुसलमा पनि कलाको उपयोग गरेको देखिन्छ। यति मात्र नभएर ढुङ्गाबाट बनेको ओखलको वरिपरि पनि कलाका माध्यमबाट व्यक्तिभित्र रहेको सिपलाई प्रस्तुत गरिएको हुन्थ्यो। यी साधन एकातिर प्रविधिका रूपमा देखिन्छन् भने अर्कोतिर यिनमा कलात्मक स्वरूप पनि रहेको देखिन्छ।

जाँतो ढुङ्गा खोपेर बनाइने एक प्रकारको उपयोगी प्रविधि हो। यसको निर्माण दुई ओटा फक्लेटा ढुङ्गालाई कुँदेर बनाइन्छ। त्यसमध्ये तल्लो फक्लेटालाई माटोमा राखिन्छ। त्यसमा एउटा मानी राख्नका लागि प्वाल हुन्छ। त्यस प्वालमा काठ वा फलामबाट बनाइएको मानी राखिन्छ। माथिल्लो फग्लेटामा हातले घुमाउनका लागि मिल्ने गरी काठको हातो राखिन्छ। यस प्रविधिको उपयोग गर्दा एक हातले जाँतो घुमाउने र अर्को हातले ओइरो राख्ने गरिन्छ।

जाँतोकै विकसित रूप पानीबाट चल्ने घट्ट हो। त्यस घट्टमा पनि तल पोरासहितको एउटा काठ झुन्ड्याइएको हुन्छ। डुँडबाट आएको पानी ती पोरामा बज्रिँदा त्यो घुम्न थाल्छ अनि त्यसैका तालमा माथि राखिएको जाँतो समेत घुम्छ। यसमा ओइरो खसाल्ने प्रविधि पनि बनाइएको हुन्छ। यसरी परम्परागत रूपमा जीविका निर्वाहमा पिठो बनाउनका लागि, आटो बनाउनका लागि घट्टको उपयोग गरिन्छ। हाल आएर जाँतो चाहिँ घरमा नमुनाका रूपमा मात्र होलान्, प्रयोगमा छैनन्। यी बिस्तारै लोप हुने अवस्थामा छन्। यस्ता हस्तकलात्मक प्रविधिलाई झन् आधुनिक बनाउनुको सट्टा झन् लोप बनाउने कुराले हाम्रा परम्परागत रूपमा चलेका यस्ता प्रविधिको उचित उपयोग हुन सकेको छैन।


चित्र २ : जाँतो, फोटोग्राफर : टोपला खनाल, प्युठान।

जाँतोमा पनि कलापक्ष रहेको हुन्छ। हातो राख्ने प्वाल वरिपरि कलाचेतको प्रयोग भएको देख्न सकिन्छ। मानिसभित्र रहेको कलाचेतलाई जाँतोमा आकृति कोरेर सजाइएको पाइन्छ। यसो गर्दा कलात्मक पक्षलाई पनि उपयोगी बनाइएको हुन्छ। एकातर्फ पिस्नका लागि फक्लेटाका सतहमा सानासाना खोपिल्टा बनाइन्थ्यो भने ती खोपिल्टा बनाउनका लागि चिह्नका रूपमा कलात्मक ढङ्गबाट बुट्टा भरिन्थ्यो। अर्कोतिर गोलो आकारमा बनाइएको हातोले जाँतोलाई घुमाउन सकिने सहज स्थितिले कलापक्षलाई सङ्केत गर्छ। यसका साथै यसमा प्रयोग गरिने शिल्पकलाले जाँतो एउटा प्रविधियुक्त कलात्मक साधन हो भन्ने कुरालाई प्रमाणित गर्दछ।

उलेनीझुलो प्रविधि वास्तविक रूपमा जीवन निर्वाहको अत्यावश्यक हस्तकलात्मक साधन हो। आगो कसरी पार्ने भन्ने प्रविधिका रूपमा उलेनीझुलोको विकास भएको देखिन्छ। दर्सुङढुङ्गामा झुलो राखेर फलामको उलेनीले ठोक्दा त्यसबाट निस्केको आगोको झिल्काले झुलोलाई समाएपछि आगो उत्पन्न गर्ने प्रविधियुक्त कला यसमा देख्न सकिन्छ। त्यही झुलोबाट निस्केको आगोको झिल्का खरको घुस्यानमा राखी हल्लाएर आगो बाल्ने प्रविधि नेपाली समाजको प्राचीन प्रविधि हो। यसरी उलेनी र झुलोका सहायताले आगो पारेर आफ्ना आवश्यकता र जीवन निर्वाह गर्ने प्रविधि अत्यन्तै प्राचीन प्रविधिका रूपमा विकसित हुँदै आएको कला हो। हाल आएर सलाइ, लाइटर जस्ता आधुनिक प्रविधिले गर्दा यो प्रविधि लोप भाएको छ। यसलाई चिनाउनसमेत कठिन परेको स्थिति रहेको छ।

उलेनीको निर्माणमा पनि कलात्मकता देख्न सकिन्छ। यसमा कलात्मक बुट्टा बनाइएको हुन्छ । ती बुट्टामार्फत मानिसमा रहेको कलासिप बाहिर देखा पर्थ्यो। त्यो कलाचेतलाई जगाउन र सौन्दर्यको परख गर्न पनि यस्ता साधनले सघाउ पुग्थ्यो। खासमा उलेनी फलामको एउटा सानो टुक्रा हो अनि झुलो भने केराको गुभो, च्याउको भुवा, पहाडिया कागज आदिबाट बनाइएको हुन्छ।

## काठबाट निर्मित जीवनोपयोगी कलात्मक प्रविधि

हलोजुवा हाम्रा प्राचीन हस्तकलात्मक प्रविधि हुन्। यिनको प्रयोग गरी मानिसले खनेर गर्ने खेतीभन्दा गोरुको प्रयोग



चित्र ३ : हलोजुवा, फोटोग्राफर : अर्जुन शर्मा, मदाने गुल्मी।

गरेर छिटोछरितो काम गर्न सकिन्छ। हलो काठबाट बनाइन्छ। यसमा एउटा भूमि उक्याउनका लागि एउटा फलामको फाली राखिन्छ। फालीलाई कराहाले बलियो बनाइन्छ। हलोमा एउटा हरिस हुन्छ। हरिसको टुप्पोतिर एउटा बर्नी हुन्छ। त्यस बर्नीले जुवाबाट आएको नारालाई अड्याउने काम गर्छ। हलोमा एउटा अनौ हुन्छ। त्यही अनौको सहायताले खेतबारी जोत्दा वा गोरु फर्काउँदा हलो तान्ने कार्य हुन्छ। दुई गोरुलाई जुवामा बाँधिन्छ। जुवामा चारवटा सोइला हुन्छन्। ती सोइलामा जोतारो राखिन्छ। ती जोतारोले गोरुलाई यताउता गर्न दिँदैन। यसरी हलो र जुवाको प्रयोग गरेर एक जना मान्छेले धेरै जमिन जोत्न सक्छ। यो आफ्नै परम्परागत कला प्रविधि हो। यसकै माध्यमबाट कृषि कार्य गरिँदै आएको छ। हाल यसको सट्टामा ट्याक्टरको प्रयोग हुन थालेको छ।

हलोजुवा कलात्मक साधन पनि हो। प्राचीन प्रविधिका रूपमा प्रयोग हुने यी साधनमा संरचनात्मक शैलीमै कला रहेको छ। हलोमा रहेको फाली, अनौ, बर्नी, हरिस र कराहा हुन्छन्। बनोटका हिसाबले होस् वा उपयोगका हिसाबले हलो महत्त्वपूर्ण साधनका रूपमा रहेको छ। हलोको मूल भागको ज्यामितीय कला, अनौमा कुँदिने बुट्टाहरू तथा हरिसको कलाले हलोलाई सुन्दर बनाएको हुन्छ। त्यस्तै जुवामा पनि कलात्मक अभिलक्षणहरू देख्न सकिन्छ। यसको संरचना नै कलात्मक छ भने यसमा रहेका सोइला, जोतारा तथा नारा राख्ने स्थानले पनि मानिसभित्र रहेको कलालाई उजागर गर्दछ। अझ यसमा गोरुको काँधमा राख्ने जुवाको जुन भाग हो त्यो कलात्मक पाराले काँधमा अडिने गरी सहज बनाइएको हुन्छ। यसमा बुट्टा भरी वा उपयोगका आधारमा सहज बनाउनका लागि सोहीअनुसारको व्यवस्थापन पनि गरिएको हुन्छ। यसरी हेर्दा हलो र जुवा हाम्रा सिपमूलक कलात्पक प्रविधिका रूपमा रहेका देखिन्छन्।

कोल हाम्रो पम्परागत कलात्मक सिपमूलक प्रविधि हो। यसमा तोरी राखेर मान्छेले कोलको एक भागबाट घुमाएर पेल्ने गरिन्थ्यो। यसरी तोरी पेलेर तेल निकालिन्थ्यो। तेल घरायसी कार्यमा प्रयोग हुन्थ्यो। यो शरीरमा घस्न, तरकारीमा भुटुन हाल्न, पिठो भुट्नेदेखि बत्ती बाल्ने काममा समेत प्रयोग हुन्थ्यो। यसबाट निस्केको पिना अर्थात् खलीबाट मान्द्रो, सुपो (नाङ्लो) डालो, भकारी आदि लिप्ने, नुहाउने जस्ता काममा प्रयोग गरिन्थ्यो। यो पनि एउटा महत्त्वपूर्ण प्रविधिको कलात्मक साधन हो। यति मात्र नभएर कोलमा राखेर उखु पेल्ने काम हुन्थ्यो। यो काठबाट बनेको एक खालको कलात्मक प्रविधि हो। यसमा उखुका गिँड बनाएर कोलमा राखिन्थ्यो र कोल घुमाएर पेल्ने गरिन्थ्यो। पेलेपछि निस्केको

उखुको रस पकाएर खुदो बनाउने चलन थियो । अझ खुदोलाई पकाएर गुड (सखर) बनाउने काम पनि हुन्थ्यो । खुदो रोटीसँग खाने, धार्मिक कार्यमा मनभोग बनाउने, गर्मीमा सर्बत बनाएर खाने कार्यमा प्रयोग हुन्थ्यो । यसरी आफ्नो भूमिमा उत्पादन भएको सामग्रीलाई प्रशोधन गर्ने आवश्यकता परिपूर्तिका लागि कोलको उपयोग गरेको देखिन्छ । अझै पनि केही ठाउँमा यसको प्रयोग भएको देख्न सकिन्छ । कोल प्राचीन हस्तकलाका प्रविधिमध्ये एक महत्त्वपूर्ण प्रविधि हो । यस प्रविधिमा पनि कलापक्षको प्रयोग गरिएको देखिन्छ । कोलको संरचनामै कलात्मक पक्ष रहेको छ । काठको मुढोलाई खोपिल्टो बनाउने कला, तेर्सो काठमाथि ओजनका लागि ढुङ्गो राख्ने कला, काठमा विभिन्न कलात्मक चित्र कोर्ने कला, तोरी, उखुलगायतका वस्तु पेल्दा तरल पदार्थ निस्कने सुन्दर स्थानको निर्माणमै पनि कलात्मकता देखिन्छ । यसको निर्माण र स्थापन शैली पनि कलात्मक हुन्छ । उपयोगका साथै दृश्यात्मक रूपमा पनि कोलमा कलापक्ष परम्परागत रूपमै प्रस्तुत भएको प्रस्ट रूपमा देखिन्छ ।





चित्र ४ : दही मथ्ने ठेकी र मदानी

दही मथ्ने ठेकी र मदानी प्राचीन समय र हाल पनि दैनिक जीवनमा प्रयोग हुने महत्त्वपूर्ण कलात्मक प्रविधि हुन् । पशुपालन हुने क्षेत्रमा यसको प्रयोग ज्यादा हुन्छ । प्राचीन रूपमा प्रयोग हुँदै आएको ठेकी र मदानीबाट दही मथेर घ्यु निकाल्ने काम हुन्छ । काठबाट बनाइएका यस्ता ठेकीमा दुध राखेर दही जमाइन्छ । त्यो दहीलाई एउटा मूल ठेको (धार्ने) मा राखेर काठबाटै बनेको मदानीबाट दह मथ्ने काम गरिन्छ । मदानीलाई एकातिर तरोले अनि अर्कोतिर ठेकीले अड्याएको हुन्छ । चारओटा  पोरा भएको मदानीमा तान्नका लागि एउटा नेती बनाइएको हुन्छ । त्यस नेतीमा दुई हातले तान्नका लागि काठको कोइला राखिन्छ । तिनै कोइलाको सहायताले ठुलो ठेकीमा खुट्टाको अडेस लगाएर दायाँ र बायाँ हातले तानेर दहीलाई फिटिन्छ । केही समयपछि त्यो दहीबाट नौनी बन्छ । त्यस नौनीलाई निकालेर कन्ती/कराईमा राखेर खराउने काम हुन्छ । त्यसपछि घ्यु जम्मा गरिन्छ । यस प्रविधिबाट जम्मा गरेको घ्यु नै हाम्रो लत्ताकपडा, चिनी चियापत्ती, साबुन, मट्टिटितेल खरिद गर्ने मूल आयस्रोत बनेको थियो । हाल आएर यो प्रविधिबाट पहिला जस्तो आफ्ना

आवश्यकता चलाउने साधन भने बन्न छोडेको छ। ठेकी गिठी र गुराँसबाट बनाइन्छ भने मदानी लेवस वा अन्य काठको डन्डीमा गिठी, चिलाउने, उत्तिस आदिको काठबाट हस्तकलाको उपयोगले पोरा हालेर बनाउने गरिन्छ। ठेकीमदानी हाम्रो एउटा प्राचीन प्रविधि हो जसले सहज रूपमा घ्यु निकाल्नको लागि सहयोग पुऱ्याउने साधनका रूपमा मानिसहरूले निर्माण गरेको एक हस्तकलाको वैज्ञानिक प्रविधि हो।

ठेकी मदानी बनाउने मानवीय कलायुक्त सिप परम्मरागत रूपमा रहेको देखिन्छ। यसमा काष्ठकलाकै रूपमा काठलाई कलात्मक ढङ्गले कुँदिन्छ। ठेकीको मुख र बाहिरपट्टिको भागमा बनाइएका बुट्टेदार धर्साहरूबाट यसको रूप पक्षलाई कलायुक्त बनाइएको हुन्छ। मदानीमा त झन् पोराले आकृतिमै कलापक्ष झल्काएको छ। यसमा काठलाई उपयोग गरी पोरा जडान गर्ने सिप फरक ढाँचाको छ। त्यसका साथै नेतीको निर्माणमा रहेको बाट्ने कला, त्यसका दुई टुप्पामा रहने कोइलामा नेती अड्याउन केही गहिरो भाग बनाउने कलात्मक सिप पनि यहाँ देख्न सकिन्छ। हातबाट बनाइने यस्ता हस्तकलाका सिपयुक्त प्रविधिले परम्परादेखि हालसम्म पनि प्रयोगका रूपमा स्थापित हुन पुगेका छन्। यस्ता सिपयुक्त सामग्रीलाई अझ आधुनिकीकरण र कलात्मक बनाउन सक्दा झन राम्रो हुन जान्छ।

कृषि र पशुपालनको साधन खुर्पेटो हो। खेतीपातीको काम गर्दा झाड़ी फाँड्न होस् वा हलो जुवा प्रयोग गर्दा सामान्य समस्या समाधान गर्न होस्, यसका लागि हँसिया खुर्पेटोको प्रयोग गरिन्थ्यो। घाँस काट्न जाँदा सुरक्षित तरिकाले काट्ने भाँडो राख्नका लागि बनाइएको खुर्पेटो एक प्रविधियुक्त सामग्री हो। रुखमा चढेर घाँस खसाल्दा, भिरमा गएर घाँस काट्दा अनि हँसिया सुरक्षित ढङ्गले राख्नका लागि खुर्पेटोको प्रयोग हुन्थ्यो। काठबाट बनेको खुर्पेटो बिचमा प्वाल पारी दुईतिरबाट डोरी राखेर कम्मरमा बाँध्न मिल्ने गरी बनाइएको हुन्छ। यो प्रविधि पनि अब बिस्तारै लोप हुने अवस्थामा पुगेको छ।


चित्र ५ : हँसिया र खुर्पेटो

हस्तकलाका रूपमा बनेको खुर्पेटो कलात्मक साधन हो। यसले मानिसभित्रको कलापक्षलाई बाहिर ल्याउने कार्य गरेको छ। काठबाट बन्ने खुर्पेटो आफैमा कलात्मक देखिन्छ। हँसिया राख्नका लागि प्वाल बनाइएको काठमा विभिन्न खालका बुट्टाले सजाइएको हुन्थ्यो। यस्ता बुट्टाहरूमा फूल, लहरा, चरा लगायत अन्य ज्यामितीय आकृतिहरू रहन्छन्। यति मात्र होइन कम्मरमा बान्नका लागि दुईतिर ठोरी राखेर भिरिएको खुर्पेटो साँच्चैनै कलात्मक पक्षको उदाहरण हो। यस्ता सामग्रीमा कसले कस्तो बुट्टा राख्ने, कस्तो प्रकारको आकृति दिने भन्ने कलात्मक प्रस्तुतिसमेत देखिन्थ्यो। समाजमा यो व्यक्तिले बनाएको खुर्पेटो भनी उसको कलाको चर्चा गरिन्थ्यो।

## बाँसबाट निर्मित जीवनोपयोगी कलात्मक प्रविधि

चोयाचित्रोबाट निर्मित सामग्री प्राचीन हस्तकलात्मक प्रविधि हुन् । यी साग्रीको निर्माण एक पक्ष र एक साधनबाट मात्र निर्माण भएका छैनन् । आफ्ना आवश्यकता परिपूर्ति गर्ने हेतुबाट कलात्मक ढङ्गले निर्माण भएका छन् । मानव जीवनमा सहजता ल्याउनका लागि वा आवश्यकता परिपूर्ति गर्नका लागि बाँस, लेवस, निगालो वा गजिङको चोयाबाट विभिन्न किसिमका हस्तकलाका सामग्रीको निर्माण गरी तिनको प्रयोग गर्ने गरिन्थ्यो र हालसम्म पनि गरिँदै आएको छ ।



चित्र ६ : बाँस र घाँसबाट निर्मित सामग्रीहरू



चित्र ७ : ओढ्ने ओरो (स्याखु)



चित्र ८ : रायँडोको



चित्र ९ : सोली
फोटोग्राफर : टोपला खनाल, प्युठान



चित्र १० : झोली
फोटोग्राफर : टोपला खनाल, प्युठान



चित्र ११ : मान्द्रो
फोटोग्राफर : टोपला खनाल, प्युठान

चोयाबाट हातले सिपमूलक ढङ्गले खास गरी डोको, डालो, मान्द्रो, भकारी, ओढ्ने ओरो, दाम्लो निर्माण गरी घरव्यवहार निर्वाह गर्ने गरिन्छ । चोयाबाट बुनेर बनाइने डोको, रायँ दैनिक जीवनमा प्रयोग हुने प्रविधि हो । डोकोमा सामान राखेर ओसारपसार गर्न, टाढाबाट पानी ल्याउन, मल बोक्न, घाँस काटेर ल्याउन र दाउरा बोक्नका लागि बढी प्रयोग हुन्छ

भने रायँमा पतिङ्गर ल्याउन र हलुका सामान राखेर बोक्नका लागि प्रयोग हुन्छ। डोको र रायँ हाम्रा आवश्यकता परिपूर्ति गर्ने प्रविधिका रूपमा प्रयोग भएका सामान हुन्। डालो, मान्द्रो र भकारी अन्न राख्नका लागि बुनेर तयार गरिने हस्तकलाका सामग्री हुन्। डालो सानो आकारको हुन्छ। यो धान, चामल, आटो, पिठो, दाल आदि राख्नको लागि प्रयोग गरिने सामग्री हो। यस्ता सामग्रीको निर्माण सिपालु व्यक्तिबाट हुन्छ। मान्द्रो बिस्कुन सुकाउन अर्थात् धान गहुँ मकै, कोदो आदि अन्न सुकाउनका लागि तयार पारिएको प्राचीन प्राविधिक सामग्री हो। भकारी अन्न राख्नका लागि बुनिने एक प्रकारको मान्द्रोको ठुलो रूप हो। यसलाई गोलो बनाएर अन्न सुरक्षित राख्नका लागि प्रयोग गरिन्छ। चोयाबाट हाम्रा आवश्यकता पूरा गर्नका लागि ओरो बनाएर पानीबाट ओतिने, दाम्लो बाटेर गाईवस्तु बाँध्ने, ढकी बनाएर सानातिना सामान राख्न प्रयोग गर्ने गरिन्छ। यस्ता सामग्री पछिल्लो समयमा ज्यादै न्यून रूपमा निर्माण हुने गर्दछन्। यी सामग्री निर्माण गर्ने सिपयुक्त व्यक्तिको कला पनि क्रमशः लोप हुँदै जान लागेको छ। यस्ता सामग्री हाम्रा घरेलु प्रविधिबाट निर्मित सामग्री हुनाले यिनको संरक्षण गर्नु आवश्यक छ।

हाम्रा परम्परागत रूपमा उपयोग हुने उपयोगी यी सामग्री कलात्मक हुन्छन्। पहिला त यसमा बुन्ने वा बाट्ने सिप नै कला हो। त्यसपछि आकारप्रकारको बनावट पनि कलात्मक हुन्छ। अझ त्यसमा राखिएका बुट्टा जस्तै डोकोमा बुन्दा पिँध राख्ने सिपयुक्त कला, त्यसमा राखिएका आँखा, अन्त्य गर्ने बिटमा प्रयोग भएको सिप मानवीय हस्तकलाको बेजोड उपयोग हो। मान्द्रो बुन्ने कला पनि सिपमूलक देखिन्छ। यसको बुनाइ आकर्षक देखिन्छ, त्यस्तै ओढ्ने ओरो पनि शरीर नभिज्ने गरी कलात्मक र बुट्टाबाट सजाएर बनाइएको हुन्छ। भकारी, न्याक अनि सजाउने सामग्री हस्तकलाका बेजोड सामग्री हुन्। चोयाबाट बन्ने हस्तकलाको सिप वर्तमान समयसम्म पनि चलिरहेको देख्न सकिन्छ। यस्ता सिपयुक्त हस्तकलाका सामग्रीको संरक्षण गर्नु पछिल्लो पिँढीको जिम्मेवारी हो। यस्ता सामग्रीलाई आधुनिक शैली र प्रविधिमा ढाली पुरानो कलापक्षको संरक्षण गर्न सक्दा परम्परागत रूपमा चल्दै आएका यस्ता हस्तकलात्मक सामग्री र कलापक्षप्रति न्याय हुन जान्छ।

## घाँसपातबाट निर्मित जीवनोपयोगी कलात्मक प्रविधि

गुन्द्री र चकटी प्राचीन हस्तकलाका कलात्मक प्रविधियुक्त सामग्री हुन्। ओछ्याएर बस्न, सुत्न र बिस्कुन सुकाउनका लागि उपयोग गरिने गुन्द्री पराल र तानाबाट निर्माण गरिन्छ। यो कला बाबियोबाट ताना बाटेर ती तानालाई हतासोका सहायताले वारपार हुने गरी किला ठोकेर तान लगाइन्छ। त्यसपछि धानको नमाडेको परालबाट ती तानामा तलमाथि गरी बुनेर गुन्द्री निर्माण हुन्छ। लामो आकारको बनोट भएकोलाई गुन्द्री भनिन्छ भने छोटो वा सानो आकारमा बुनिएको गुन्द्रीलाई चकटी भनिन्छ। यी गुन्द्री वा चकटी हलुका हुने हुँदा प्रयोगमा सहज हुन्छ। गुन्द्री ओछ्याउनका लागि प्रयोग हुने अत्यन्तै उपयोगी सामग्री हो भने चकटी बस्नका लागि प्रयोग हुने सामग्री हो। यी प्राचीन समयदेखि प्रयोगमा आएका घरेलु कलात्मक हस्तकलाका प्रविधियुक्त सामग्री हुन्।



चित्र १२ : हतासो
फोटोग्राफर : अर्जुन शर्मा, मदाने, गुल्मी



चित्र १३ : गुन्द्री
फोटोग्राफर : अर्जुन शर्मा, मदाने, गुल्मी




चित्र १४ : दुनाटपरी, फोटोग्राफर : शारदा घिमिरे, बागलुङ

हस्तकलाका यस्ता कलात्मक सामग्री सिपमूलक र कलात्मक छन् । परम्परागत रूपमै यसरी निर्माण गरिने यस्ता सामग्रीमा प्रयोग हुने सिपको कला भिन्न छ । गुन्द्री र चकटी बुन्न प्रयोग हुने हतासो काठबाट बनाइएको कलात्मक सामग्री हो यसको कलात्मक आकर्षण भनेको सानो काठलाई मसिनो र मिहिन पारी प्वालै प्वाल बनाएर आकर्षक बनाइन्छ । जसले गुन्द्री बुन्दा पराललाई खाँद्ने काम गर्छ । त्यस्तै गुन्द्री र चकटी बुन्दा त्यसमा पराल राख्ने कलापक्ष र बिटमा राखिने चुल्ठे, माछाकाँडे जस्ता बुट्टाले सुन्दर र दरिलो बनाउँछ । यसको सुन्दर पक्ष भनेको यही कलात्मक पक्ष नै हो जसले गुन्द्री र चकटीलाई सुन्दर र बलियो बनाएको हुन्छ । यसरी प्राचीन समयसँगै हस्ताकलाको सिप यी सामग्रीबाट प्रस्ट रूपमा देखिन्छ । हाल आएर पनि यस्ता सामग्रीको उपयोग गरिँदै आए पनि क्रमशः यी सामग्रीमा ह्रास आएको छ । यस्ता प्राचीन हस्तकलाका सामग्रीको जगेर्ना गर्नु कलापक्षको जगेर्ना गर्नु हो ।

साल वा कटुस (धार्ने) को पातबाट निर्माण गरिने दुनाटपरी अत्यन्तै उपयोगी र लाभदायक कलात्मक सामग्री हुन् । पितृ कार्यमा होस् या देव कार्यमा वा दैनिक प्रयोगका लागि होस् या खाजा नास्ता खानका लागि होस् दुनाटपरीको प्रयोग हुन्छ । पातबाट निर्माण हुने यस्ता प्राविधिक प्रविधियुक्त कला ज्यादा वैज्ञानिक र स्वस्थ्यकर सामग्रीका रूपमा प्रयोग हुन्छन् । एक पटक मात्र प्रयोग गर्न सकिने प्रदूषण नहुने यी ज्यादै उपयोगी सामग्री हुन् । विगतमा धेरै थाल नहुँदा वा कामको समयमा छिटोछरितो रूपमा काम गर्नका लागि निर्माण गरेर राखिएका यी प्राचीन कलात्मक दुनाटपरीको प्रयोग आधुनिक समयमा सहरमा पनि बढ्न थालेको छ । यो कला वास्तवमै हाम्रो परम्परागत प्रविधि जीवन निर्वाह गर्ने र आवश्यकता पूरा गर्नका लागि यो उपयोगी छ ।

दुनाटपरीको निर्माण पनि हस्तकलाको बेजोड नमुना हो । यसको कलापक्ष सुन्दर छ । दुनाटपरी बनाउँदा पातलाई सिन्काले गाँसेर थालको अनि बटुकाको आकार दिइन्छ । पातलाई गाँस्ने कलापक्ष फरक हुन्छ । ठुलो र सानो बनाउने काम फेरो लगाइबाट हुन्छ । दुनाटपरी राम्रो बनाउन सिन्काले बिट मारेर सुन्दर बनाइन्छ । यो कला परम्परागत रूपमा प्रयोग गरेको देखिन्छ । आकारप्रकारमा सुन्दरता, बिट मार्ने कला र पात गँसाइको स्वरूप नै यसको कलात्मक पक्ष हो ।

## माटोबाट निर्मित जीवनोपयोगी कलात्मक प्रविधि

माटाका भाँडाहरू हस्तकलाका सामग्री हुन् । मानव समाज हस्तकलात्मक प्रविधिमा सिपालु थियो तर त्यसको आधुनिकीकरणमा ध्यान नदिँदा र आयातित सामग्रीको बढी प्रयोगले गर्दा परम्परागत प्रविधिबाट निर्मित सामग्रीको उपयोग कम हुन थालेको छ । शारीरिक, आर्थिक तथा सामाजिक हिसाबले उपयुक्त सामग्री भए पनि तिनको सही प्रयोग हुन नसक्दा ती प्राचीन प्रविधियुक्त सामग्रीहरू लोपोन्मुख अवस्थामा पुगेका छन् जसमा माटोबाट निर्मित सामग्री



चित्र १५ः मटुलो



चित्र १६ः घैंटो

पनि यसको ज्वलन्त उदाहरण हो । माटोबाट घैंटो, मटुलो, हाँडी, फाँक जस्ता सामग्री निर्माण गर्ने गरिन्छ । हालसम्म पनि केही रूपमा यस्ता हस्तकलाका सामग्रीको प्रयोग रहेको छ । बिस्तारै यी सामग्री प्रयोगबाट लोप हुने अवस्थामा पुगेका छन् । घैंटो विशेषतः पानी राख्न प्रयोग गरिने साधन हो । यसमा राखेको पानी चिसो मात्र हुँदैन, स्वास्थ्योपयोगी पनि हुन्छ । हाँडी भने मकै, भटमास, गहुँ लगायतका अनाज भुट्नका लागि प्रयोगमा आउँछ । यी सामग्रीको निर्माण कुमालेहरूले गर्ने गर्थे । समाजको आवश्यकतालाई सहज बनाउने यस्ता सामग्रीले आर्थिक बोझसमेत कम गरेका थिए । समाजको पुरानो पुस्ता यस्ता खालका हस्तकलाका नौला प्रविधिको प्रयोग गरेर जीवन निर्वाह गर्न ज्यादै सिपालु थियो । यस्ता माटाका सामग्रीले जीवननिर्वाहमा ठुलो सहयोग पुऱ्याएका थिए । गुल्मीको बुल्ममा उपयुक्त माटो भएकाले त्यहाँ माटाका भाँडा बनाइने अनि यसरी बनाइएका भाँडा गाउँलेहरूले अन्नसँग साट्ने परिपाटी थियो (टोपला शर्मासँग २०८२ असार २० गते गरिएको कुराकानी ) । हाल आएर यो चलन लोप भई पैसाको सहायताले किनबेच हुन्छ । माटाका भाँडामा हाल गमला र माटो निर्मित केही सजावटका सामग्री मात्रको विकास भएको देखिन्छ ।

कलात्मक सिपयुक्त दैनिक प्रयोगका लागि तयार गरिएका माटोका भाँडामा कलात्मक बुट्टा पनि बनाइन्थ्यो । ती बुट्टामार्फत मानिसमा रहेको सुषुप्त कलाचेतलाई बाहिर निकाल्न सहयोग पुऱ्याउँथ्यो । कुनै सार्वजनिक स्थलमा होस् वा धारो कुवातिर होस् माटोबाट बनेको सिप सिर्जनाले सौन्दर्यको परख गर्न सघाउ पुग्थ्यो । कलाको सौन्दर्य विषयलाई थप गर्ने, घैंटो हाँडीको आकार, माटामा कुँदिएका बुट्टा, माटोबाट निर्मित सामग्रीको आकारप्रकार र निर्माण गर्ने साँचो कलाका महत्त्वपूर्ण पक्ष हुन् । यी कलाले मानिसभित्र रहेको सिपलाई उजागर गर्नुका साथै नयाँ नयाँ कलाको निर्माणमा हौसला प्रदान गर्थ्यो । यति मात्र नभएर माटोबाट बनेका विविध कलात्मक पक्षबाट मानवीय सिपसमेत प्रस्तुत गरिएको हुन्थ्यो । यी साधन एकातिर हस्तकलाका सामग्रीका रूपमा देखिन्छन् भने अर्कोतिर कलात्मक प्रविधिका रूपमा पनि उत्तिकै विशिष्ट छन् ।

## धातुबाट निर्मित कलात्मक प्रविधि

फलामबाट निर्मित कलात्मक सामग्री धेरै छन् । परम्परागत रूपमा हाम्रो समाजमा दैनिक जीवन निर्वाहका लागि प्रयोग हुने कोदालो, फरुवा, बैसाखी, हँसिया, बन्चरो, खुर्पा, ओदान, कराई आदि सामग्री निर्माण गर्नका लागि फलामको प्रयोग हुन्छ । यी हस्तकलामा उदाहरण पनि हुन् । यस्ता सामग्री फलाम तताएर मात्र निर्माण गर्न सकिन्छ । कृषि कार्य गर्दा खनिने कोदाली होस् या हलो बनाउँदा प्रयोग हुने फाली कराहा होस्, यी फलामबाटै बनाउने कलात्मक सामग्री हुन् । गाउँघरमै यस्ता सामग्री आरनबाट निर्माण गरिन्थे । आफ्ना आवश्यकतालाई पूरा गर्नका लागि निर्माण हुने हँसिया, कोदाली, बैसाखी, ओदान समाजमा निरन्तर प्रयोग भई आएका सामग्री हुन् । सुरक्षाका लागि लगाइने कुची पनि स्थानीय स्तरमै फलामबाट निर्माण हुन्थ्यो । यस्ता प्राविधिक सामग्रीको निर्माण भए पनि तिनलाई आधुनिकीकरणका रूपमा ढाल्न नसक्दा घाँस काट्नका लागि उपयोग हुने हँसिया, दाउरा चिर्न वा काठका सामग्री बनाउन प्रयोग हुने

बन्चरो, थेबे आदि सामग्रीबाट पनि पुर्खाको विज्ञान उपयोग गर्न सकिएको छैन । यस्ता सामग्रीलाई हामीले निर्माण गरी उपयोग गर्न सकेको खण्डमा हाम्रो अवस्था अवश्य पनि माथि उठ्न जान्छ । समस्याको समाधान गर्न वा आफ्नो जीवन निर्वाहका लागि हाम्रा परम्परागत प्रविधिको प्रयोग हुँदै आएको छ । दाह्रीकपाल खौरनका लागि छुराको प्रयोग हुन्थ्यो । छुरा उद्याएर दाह्रीकपाल गर्ने चलन थियो । यो पनि एक खालको कलात्मक प्रविधि हो । स्थानीय स्तरमै निर्माण हुने हुनाले यो दाह्रीकपाल काट्ने गरी उपयोग गर्ने प्रविधिको एक उपज हो । यसले आधुनिक ब्लेड आउनुपूर्व दाहीकपाल काट्ने कार्यमा सहयोग पुऱ्याएको थियो । हाल आएर यस प्रविधिको प्रयोग सैलुन अर्थात् कपाल काट्ने ठाउँमा यदाकदा देखिए पनि यो लोप हुने अवस्थामा रहेको छ ।



चित्र १७: धातुबाट निर्मित सामग्री

फलामबाट बन्ने विविध प्राचीन सामग्रीमा कलाको उपयोग गरेको देखिन्छ । बलियो फलामबाट बन्ने सामग्रीमा कलापक्षलाई पनि समावेश गरिएको पाइन्छ । हँसियामा बनाइने बुट्टा, काठमाथि राखिने काँधो अनि हँसियालगायत फलाम निर्मित सामग्रीमा बनाइने हस्तकलात्मक चिह्न, प्रतीक र बुट्टाले कलात्मक पक्ष झल्कन्छ । यी सामग्रीमा रहेका कलात्मक बुट्टामार्फत मानिसभित्रको कलाचेत बाहिर ल्याउन र सौन्दर्यको उजागर गर्न सघाउ पुगेको थियो । कराइमा राखिने कडा, खुकुरीमा बनाइने बुट्टा, हँसियामा राखिने बुट्टाले ती प्रविधिलाई उपयोगी मात्र नबनाई कलात्मक पनि बनाइदिएको छ ।



चित्र १८ : छुरा



चित्र १९ : टुकी

दमाहा/बाजा पनि हाम्रो सञ्चार तथा सूचनाको एक परम्परागत प्रविधि हो । पम्परागत रूपमा सञ्चारको माध्यम नहुँदा समाजमा भेला हुन परेमा सूचना दिने माध्यमका रूपमा दमाहाको उपयोग गरिएको पाइन्छ । कुनै अग्लो डाँडोमा गएर बाजा वा दमाहा बजाएर सन्देश प्रवाह गर्थे अनि समाजको मिटिङ वा सार्वजनिक कामको योजना बन्थ्यो । बाजाको

आवाजले टाढा टाढा ध्वनि प्रसार हुने अनि त्यसकै सहायताले एक जना व्यक्ति ठुलो आवाजमा सूचना प्रवाह गर्ने गर्थे । दमाहा बाजा हाम्रो एउटा सञ्चारको एक सशक्त प्रविधिका रूपमा प्रयोग हुँदै आएको छ । हालसम्म पनि यो परम्परा कायम छ। फोनको सुविधा भए पनि परम्परागत रूपमा चल्दै आएको यो प्रविधि सार्वजनिक रूपमा मान्यता प्राप्त हुनाले यो सबैको सूचनाको आधिकारिक मान्यता प्राप्त साधन बन्न पुगेको छ । हाल आएर यो साधन फोन, इमेल, इन्टरनेट, चिठी र पत्रपत्रिका कारण लोप हुन लागेको छ।



चित्र २०: दमाहा, फोटोग्राफर : रामबहादुर परियार, मदाने, गुल्मी

सञ्चार र मनोरञ्जनको साधनका रूपमा कलात्मक रूपले निर्मित बाजा साधन हो। यसलाई कलात्मक रूपले सजाइएको हुन्छ। यसको निर्माणमै कलात्मकता हुन्छ। छालालाई माडेर एउटा तामाको भाँडोमा राखी वरिपरिबाट छालाले नै तानेर निर्माण भएको यो आकर्षक देखिन्छ। यस्तो कलात्मक सिपले मानिसमा रहेको सुषुप्त कलाचेतलाई देखाउँछ। यसले व्यक्तिलाई सौन्दर्यको परख गर्न सघाउ पुग्थ्यो । कलात्मक सौन्दर्यलाई अझ सशक्त बनाउन ध्वजा राख्नु, भिर्नका लागि एउटा डोरी राख्नु र बजाउनका लागि कलात्मक किसिमका गजा राख्नु कलात्मक पक्षका रूपमा लिइन्छ।

## अन्य कलात्मक प्रविधि

कुचो बाटेर घरआँगन सफा गर्नु, कमेरो वा रातो माटोले घर लिपेर रङरोगन गर्नु, कटुम वा काफलको बोक्रो पकाएर मसी बनाई घरको झ्यालढोका र थाममा लगाउनु पनि नेपाली समाजका परम्परागत कलाप्रविधिका ज्वलन्त उदाहरण



चित्र २१: झ्याल



चित्र २२: सत्तल



चित्र २३ः ढोका

हुन् । काम्लो, बाँसको कपाल कोर्ने काँगियो पनि दैनिक जीवनमा प्रयोग हुने हस्तकलाका सामग्री हुन् । पराल राख्नका लागि टौवा बनाउने, मकै राख्नका लागि कुनिउ/सुली बनाउने, बोक्नका लागि डोको नाम्लो बनाउने, गाईवस्तु बाँध्नका लागि दाम्लो बाट्ने, बस्नका लागि पाटीपौवा र चौतारो बनाउने, खोला तर्नका लागि साँघुको निर्माण गर्ने जस्ता अनेक खालका प्रविधिहरूको आविष्कार गरी नेपाली समाजमा त्यसको प्रयोग गरिएको छ । हाल आएर आधुनिक साधन र स्रोतको प्रचुर प्रयोगले गर्दा यी परम्परागत रूपमा प्रयोग हुँदै आएका प्रविधिहरूको क्रमिक रूपमा लोप हुने र न्यून प्रयोग हुने अवस्था आएको छ । यस्ता परम्परागत प्रविधिको जगेर्ना गर्दै यिनलाई छिटोछरितो र भरपर्दो वैज्ञानिक बनाउनका लागि सक्दो प्रयास गर्नु आवश्यक छ ।

समाजमा परम्परादेखि चल्दै आएका हस्तकलाका सामग्रीहरूको प्रशस्त प्रयोग मानवजीवनमा भएको देखिन्छ । यस्ता सामग्रीले तत्कालीन समाजको कलात्मक स्वरूपलाई सङ्केत गर्छ । काष्ठकला, मूर्तिकला, चित्रकला पहिलेदेखि नै चलिआएका कलात्मक पक्ष हुन् । यसका साथै घरमा प्रयोग हुने झ्यालढोकामा प्रयोग हुने काठमा निर्मित कला पनि बेजोड खालको देखिन्छ । काठलाई विभिन्न आकार दिएर झ्याल बनाउने, ढोका बनाउने, थाम बनाउने, बार्दली बनाउने काममा लोककलाकारहरूको महत्त्वपूर्ण योगदान छ । यस्तो कलाले व्यक्तिभित्रको कलात्मक क्षमता प्रस्फुटन हुनुका साथै समाजमा कलाको कदरको तहलाई वृद्धि गरेको पाइन्छ । यस समयमा विविध पक्षमा कलाको उपयोग गरी जीवनलाई सहज बनाउने कार्यसमेत भएको थियो । यस्तो कलात्मक पक्षलाई हामीले जगेर्ना गर्दै आधुनिकीकरण समेत गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

परम्परागत कलाप्रविधिहरूले सामाजिक, आर्थिक तथा सांस्कृतिक चेतनाको निरन्तरतामा महत्त्वपूर्ण योगदान दिएका छन् । जीवन निर्वाहमा सरलता ल्याउने यस्ता सामग्रीहरू परम्परागत सिपमा आधारित देखिन्छन् । यस्ता कलाप्रविधिहरू ढुङ्गा, काठ, बाँस, घाँस, माटो, धातुबाट निर्मित छन् । अनाज कुट्न, फल्न वा चिउरा बनाउनका लागि तयार गरिएको ढिकीमा काठमा कुँदिएका बुट्टा पाइन्छन् । त्यस्तै काठ र फलामबाट बनेको मुसलमा पनि कलाको उपयोग देखिन्छ । जाँतोमा एकातर्फ पिस्नको लागि सानासाना खोपिल्टा र अर्कातर्फ कलात्मक ढङ्गबाट फुलबुट्टा भरिएको हुन्छ । हलो र जुवा पनि उपयोगिताका हिसाबले मात्र होइन कलात्मक हिसाबले पनि महत्त्वपूर्ण साधन हुन् । काठको मुढोमा प्वाल पार्ने कला, तेर्सो काठमाथि ओजनका लागि ढुङ्गो राख्ने कला कोलमा देखिन्छ । डोको बुन्दा पिँध राख्ने सिपयुक्त कला, त्यसमा राखिएका आँखा, अन्त्य गर्ने बिटमा प्रयोग भएको कला पनि मानवीय हस्तकलाको बेजोड नमुना हो । मान्द्रो, भकारी, डालो पनि हस्तकलाका बेजोड सामग्री हुन् । माटोबाट बनेका विविध सामग्रीहरूमा पनि लोकसमाजले कलात्मकताको अभ्यास गरिरहेकै छ । उलेनीमा बनाइने कलात्मक बुट्टा तथा बाजाहरूको कलात्मक बनोटबाट मानिसमा रहेको सिप समाजसमक्ष प्रदर्शित भएको छ । त्यस्तै खुर्पेटोमा रहेको कलाअभ्यासले मानिसभित्रको कलापक्षलाई बाहिर ल्याउने कार्य गरेको छ । समाजमा परम्परादेखि चल्दै आएका यस्ता हस्तकलाका सामग्रीले मानवको कलात्मक अभिरुचिलाई सङ्केत गर्छ । झ्यालढोकामा प्रयोग हुने कला, बार्दली बनाउने कलाले व्यक्तिभित्रको कलात्मक क्षमता प्रस्फुटन गरेको छ । ढुङ्गा कुँदेर चित्र बनाउने, कुचो बाट्दा चुल्ठी बनाउने, झ्यालढोका रङ्ग्याउने

जस्ता काममा देखिने कला पनि मानव सिपसँग सम्बन्धित कुरो हो । यस्ता कलात्मक सामग्रीले जीवनलाई सहज बनाउने कार्य मात्र गरेका छैनन्, मानव जातिको कलाप्रिय मनस्थितिलाई पनि सङ्केत गरेका छन् । यस्ता कलात्मक प्रविधिलाई हामीले जगेर्ना गर्दै आधुनिकीकरण गर्नुपर्छ । प्राचीन समयसँगै चलेका यस्ता सामग्रीको उपयोगमा ह्रास हुँदै आएको छ । प्राचीन हस्तकलाका ती सामग्रीको जगेर्ना गर्नु भनेको संस्कृतिको संरक्षण गर्नु, चेतनाको कदर गर्नु मात्र होइन, कलापक्षको जगेर्ना गर्नु पनि हो । प्राचीन सामग्रीलाई आधुनिक शैली र प्रविधिमा ढाली पुरानो कलापक्षको संरक्षण गर्न सकिन्छ । यसरी हेर्दा परम्परागत रूपमा आफूले उपयोग गर्ने सामग्रीमा कलात्मकता भरेर नेपाली समाजले युगौँदेखि कलाको अभ्यास गर्दै आएको पाइन्छ ।

## सन्दर्भ सामग्री सूची

गौतम, कुसुम (२०७०). लुम्बिनी प्रदेशको कला र संस्कृति. बुटवलः लुम्बिनी सांस्कृतिक अध्ययन केन्द्र ।

जोशी, लक्ष्मी (२०६९). नेपालका परम्परागत हस्तकलाहरू. काठमाडौँ : रोशनी प्रकाशन ।

थुम्केली, देवेन्द्र (२०७८). कलाकार जीवनवृत्त काठमाडौं : नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान परम्परागत शिल्पकला विभाग ।

शाक्य, धर्मराज (२०७८). हस्तकलाको ऐतिहासिक पक्ष. काठमाडौँ : नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान हस्तकला विभाग ।

श्रेष्ठ, अञ्जु (२०७५). लुम्बिनी प्रदेशमा मौखिक र साँस्कृतिक सम्पदा संरक्षण अध्ययन प्रतिवेदन । पर्यटन तथा संस्कृति मन्त्रालय ।

Acharya, M. (2012). *Traditional technology and rural life in Nepal*. Kathmandu: Sajha Prakashan.

Bajracharya, D. (2015). Indigenous knowledge and sustainable development in Nepal. *Journal of Nepalese Studies, 12*(2), 45–59.

Shrestha, R. (2018). Cultural continuity and traditional practices in Nepalese society. *Asian Journal of Culture and History, 7*(1), 33–41.